NJ: NUTA

# नेपालको इतिहासका स्रोतव्यक्ति युरोपेली पादरीहरुको प्रारम्भिक नेपाल प्रवेश : सामाजिक प्रभाव

**गोपाल पोखरेल विवश (पि.एच.डी.)**
सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय
Email for correspondence: pokharelg@yahoo.com

## विषय सार

*नेपालको संरचनादेखि अनवरतरुपमा आजसम्म नै यो भूभाग एक अद्भुतस्थल रहिआएको छ । यस क्षेत्रको समय-समयको सामाजिक-सांस्कृतिकलगायत पक्षमा प्रकाश पार्ने अनेक साधनमध्ये यहाँ आएका यात्रीहरुको यात्रा वृत्तान्त (टिपोट) पनि एक सहायक सामग्रीको रुपमा रहेको छ र त्यो वृत्तान्त (वयान) प्रस्तुत गर्ने यात्रीहरु स्रोतव्यक्तिको रुपमा स्थापित देखिन्छन् । यहाँ इ. सम्वत् प्रारम्भहुनुभन्दा धेरैअगाडिदेखि नै उच्च प्रतिष्ठित व्यक्तिहरुको आगमन भइसकेकोमा दुई मत देखिदैन । विशेष गरी नेपालसंगसंगै रहेका उत्तर तथा दखिक्षणी राज्यबाट नेपालप्रवेश गर्ने क्रम इस्वी सम्वत् प्रारम्भपछि झन बढेर गयो । मध्यकाल अर्थात् इ. सोह्रौं शताब्दीको उत्तरार्धबाट भने युरोपेली इसाईधर्मालम्बी पादरीहरुको पनि नेपाल प्रवेश प्रारम्भ भयो । उनीहरुको विशेष काठमाडौं उपत्यका बसाइँले यहाँको परम्परागत सामाजिक-धार्मिक जीवनमा केही न केही प्रभाव पार्‍यो । यहाँ आएका कतिपय इसाई पादरीको यात्रा वृत्तान्त तात्कालिक इतिहास-संस्कृति जानकारीको सहायक सामग्री हुनपुग्यो । यस लेखमा स्रोतव्यक्ति, उनीहरुको टिपोट तथा तात्कालिक समाजमा पुर्‍याएको प्रभाव आदिबारे केही न केही प्रकाश पार्ने कोशिस गरिएको छ ।*

**मुख्य शब्दावलीहरू :** स्रोत व्यक्ति, युरोपेली पादरी, धर्म संस्कृति, सामाजिक प्रभाव र धर्म निरपेक्ष ।

## परिचय

मानवसभ्यता-संस्कृतिको संरचनामा विश्वमानचित्रभित्र नेपालको गरिमामय स्थान छ । सभ्यता-संस्कृतिमा नेपालको अग्रणी स्थान रहनुको मुख्य कारण भने यसको भौगोलिक विविधता र यसैमा समाहित विविध जातजाति, धर्म-संस्कृति-दर्शनको उद्भव, विकास एवं समन्वय र सामञ्जस्यता हो । नेपालले आदिमकालदेखि आजसम्म सबै जातजाति-धर्म-संस्कृतिलाई स्वागत गरिरहेको छ र यो देश सधैं सबैको साझा सङ्गमभूमि हुन पुगेको छ । प्रागऐतिहासिककालमै उत्तर तथा दक्षिणबाट नेपालभित्र वा नेपालबाट उत्तर-दक्षिणतिर हाम्रा मानवपूर्वजको केही न केही आवतजावत बढिसकेको थियो । लिच्छविकालअगाडि नै बुद्ध-बोधिसत्त्व, आचार्य आदिलाई नेपालले तानी

सकेको थियो । यो क्रम लिच्छविकालमा झन बढ्न थाल्यो । मध्यकालमा आइपुग्दा भने उत्तर, दक्षिणबाट मात्र होइन यूरोपदेखि नै पादरीहरु नेपाल आउन थाले । उनीहरुको धर्मले नेपाली समाज-संस्कृतिमा प्रभाव पार्‍यो । इसाई पादरीहरुको तात्कालिक टिपोटले उनीहरु इतिहासका स्रोतव्यक्ति पनि हुन पुगे ।

## स्रोतव्यक्तिको नेपाल प्रवेश सुरु

आदिकालदेखि आजसम्म नै विशेष काठमाडौं उपत्यकाको वैभवले सबैलाई लोभ्याइरहेको छ । प्राचीनकालमा तलाउ बन्न पुगेको उपत्यका समय-समयमा थुनिने र खोलिने गरेको पुरातत्त्वविद्हरुको ठम्याइ छ (अमात्य, २०५३:२२; पाण्डे, रेग्मी, २०५४:७१-७६) । एसियाको सर्वप्राचीन मानवपूर्वजको अवशेष तथा नवपाषाणकालीन मानवका ढुङ्गेउपकरणहरु नेपालका विभिन्न भेकबाट प्राप्त हुनुले (Shchentenko, 2035) हाम्रा पूर्वज एवं ऐतिहासिकताबारे स्पष्ट सङ्केत गर्दछ । नवपाषाणयुगको निकैपछि आइपुग्दा भने विशेष धार्मिक भावनाबाट अभिप्रेरितभएर समेत काठमाडौं उपत्यका तथा नेपालका अन्य स्थलको पनि यात्रा गर्ने क्रम सुरु भएको तात्कालिक हिन्दु, बौद्ध एवं जैन आदि साहित्यिक सामग्रीको विवरणले प्रष्ट्याएका छन् । यसअनुसार अनेकौं बुद्ध, बोधिसत्त्व, श्रीकृष्ण, जैनआचार्य, बौद्धभिक्षु, व्यापारी आदिको नेपाल आवतजावत रहेको स्रोतहरुले वर्णन गरेका छन् । काठमाडौं उपत्यका, लुम्बिनी, कपिलवस्तु, मिथिला आदि स्थल इस्वी सम्वत् प्रारम्भअगाडि नै ख्याति कमाइ आकर्षणका केन्द्र बनिसकेका देखिन्छन् । काठमाडौं उपत्यकाबाहिर कोशी, गण्डकी, कालीगण्डकी, कर्णाली आदि नदीक्षेत्रमा पनि इ. पू. हजारौं वर्षअगाडि नै पुर्खाहरुको बसोबास भई आफ्नै सामाजिक परिपाठीको विकास भएको अनुमान हुन्छ (खत्री, २०५५:२९४) ।

विश्वमा नेपाललाई हिमचुलीहरुको मूलथलोको रुपमा पनि लिइन्छ । संसारका ८००० मिटरभन्दा अग्ला १४ चुलीमध्ये ८ वटा नेपालभित्र नै रहेका छन् । हिमचुलीको साथै ठूलानदी, विविध वनस्पति, सयौं जात-प्रकारका पशुपन्छी आदि यहाँका प्रमुख प्राकृतिक सम्पदा मानिन्छन् (गुरुङ, २००८:११५-११६) । यसैगरी हजारौं वर्षदेखि जीवनशैलीमा खास फरक नआई यथावत रुपमा बाँचीरहेका जातजातिहरुको देश र यही जीवित नेपाली समाजको अध्ययनार्थ अन्वेषकहरुको ताँती लाग्ने भूभागमा पनि नेपाल नै मानिन्छ (विष्ट, २०२९:९४) । नेपाल देवीदेवताहरुको वासस्थलको रुपमा परिचित हुनु, सिधा-सरल जनताबाट संरचित धर्म-संस्कृति सधैं समन्वय र सामञ्जस्यताको आधारमा विकसित हुनु तथा यहाँ प्रत्येक काल खण्डमा सबैको स्वागत गरिनु र सामाजिक-सांस्कृतिक विविधता हरनु आदि पनि नेपालप्रति विदेशीहरु आकर्षणका आधार देखिन्छन् ।

आजसम्म प्राप्त अभिलेखिक आधारमा हेर्दा भने नेपालका प्रारम्भका प्राचीन तीर्थयात्री भनी सम्बोधित गरिएका व्यक्ति भारतीय मौर्यसम्राट अशोक हुन् । उनी धार्मिक तीर्थाटनको क्रममा इ.पू. तृतीय शताब्दीमा अर्थात् आजभन्दा करीब तेइस सय वर्षअगाडि सिद्धार्थ गौतमको पवित्र जन्मस्थल भनी नेपालको लुम्बिनीबाटिका भ्रमणमा आई त्यहाँ स्तम्भ खडा गरी (शाक्य, २०३०:७; रेग्मी, २०४८:४७; लेभी, २००८:७) सधैंको लागि जन्मस्थलको प्रामाणिकता छोडी फर्किएका थिए । यसवेलासम्म आइपुग्दा तराईका धेरै ठाउँ-बस्ती विकास भई नगरोन्मुख भइसकेको अनुमान हुन्छ ।

नेपालका विभिन्न क्षेत्रमध्ये काठमाडौं उपत्यकाको विकास प्रक्रिया भने प्राग्ऐतिहासिककालदेखि नै प्रारम्भ भएको सङ्केत मिल्छ । तर उपत्यकाको कुन ठाउँबाट बस्ती वा नगरको संरचना सुरु भएको थियो भन्नेचाहिँ यकिन गर्न सकिदैन (Shrestha, et al., 1986, p. 1). प्राचीन नेपालमा राज्य गर्ने चौथो राजवंश लिच्छवि

राज्यकालमा आइपुग्दा त चीन, नेपाल र भारतबीच आवागमन बढ्दै जाँदा नेपाल प्रवेश गर्नेको संख्या पनि अरु बढ्न थाल्यो । पहिलो चिनियाँ, बौद्धतीर्थयात्रीको रुपमा इ. ४०३ तिर फाहियान (धर्मरक्षक) र ६३६ तिर अर्का चिनियाँ बौद्धउपासक हुएनसाङ्गले सिद्धार्थ गौतमसम्बद्ध कपिलवस्तुलगायत तराईका बौद्धतीर्थस्थल र भारतका विभिन्न ठाउँसमेत यात्रा गरेका थिए (नेपाल, २०४०:१५६; Jha, 1970, pp. 147-178). इ. ६४३ तिर फेरि अर्का चिनियाँ लिइपियाओ र इ. ६४६ तिर भारतको लागि चिनियाँ राजदूत नियुक्त भई खटिएका वाङ्ग-हुएन शेले समेत नेपाल भ्रमण गरेका थिए (Regmi, 1960, p. 175; गुरुङ, २०४७:५७) । चिनियाँ यात्रीहरुको प्रकाशित यात्रा विवरण आजसम्म पनि प्राचीन इतिहास-संस्कृतिको एक सहायक स्रोतको रुपमा अङ्गीकार गरिएको छ । बाह्य देशबाट नेपाल प्रवेश गर्ने क्रम तीब्र हुँदै जाँदा लिच्छविकालको अन्त्य तथा पूर्वमध्यकालको विभिन्न समयमा पद्मसम्भव, धर्मस्वामी आदि विद्वत्त मण्डलीसमेत नेपाल आएको भनी स्रोतहरुले वर्णन गरेका छन् (रेग्मी, २०३९:१४२; प्रधान, २०४५:१३६; खतिवडा, दहाल, २०६७:११७-११९) । भनिन्छ, बौद्धधर्मलम्बी कहलिएका तिब्बती शासक स्रङचङ्ग-गम्पोले नेपाली राजकुमारी भृकुटीसित इ. ६३५ तिर विवाह गरेका थिए (Shakya, 1997, p. 63). विवाहपछि नेपालको उत्तरसंगको सम्बन्ध विस्तारमा अवश्य पनि तीब्रता आयो र आवतजावत अझ बढ्यो । समष्टिमा भन्नुपर्दा मूलरुपमा धार्मिक परिवेशमा र अरु कार्य-व्यवसायको लागि समेत यात्रीलगायत अन्यको पनि नेपालप्रतिको आकर्षण बढेको स्पष्ट देखिन्छ । यसमा स्रोतमा पाइएका धेरै कम नाम छन् भने स्रोतमा नपरेको ठूलो संख्या अर्कोतिर रहेको अनुमान हुन्छ ।

## मध्यकालिक समाज-संस्कृतिमा इसाईधर्म प्रवेशको सुरुवात

मध्यकालमा आइपुग्दा इसाईधर्म प्रचार गर्ने सिलसिलामा तिब्बतभएर वा भारत हुँदै युरोपेली इसाईधर्मी पादरीहरु नेपालको काठमाडौंलगायतका ठाउँहरुमा आइपुग्न थाले । यिनीहरु कतिपय भने नेपालबाट तिब्बततिर पनि पुगेको भेटिन्छ । त्यसवेला तिब्बत जान वा नेपालभएर भारतप्रवेश गर्नको लागि नेपाल दोबाटोको रुपमै रहेको थियो ।

नेपालमा इसाईधर्म प्रचारकको रुपमा युरोपेलीहरुको प्रवेशबारे उल्लेख गर्नुपहिले इसाईधर्मसम्बन्धमा पनि केही प्रकाश पार्नु सान्दर्भिक नै हुने हुँदा यहाँ संक्षिप्त परिचय प्रस्तुत गरिन्छ ।

पश्चिमा मुलुकहरुमा बढी प्रभावशाली रहेको इसाईधर्म विश्वका प्रमुख धर्महरुमध्ये एक मानिन्छ, जसको प्रादुर्भाव भने एसियामै भएको थियो । यिसु वा यिसु खिष्ट/इसा/क्राइष्ट वा इसामसिहसम्बद्ध धर्म नै इसाईधर्म हो । यसभित्र यिसुको प्रारम्भिक जीवनका मोडहरु, उनका चमत्कारपूर्ण कार्य-उपदेशहरु र उनीमाथि लगाइएको अभियोग तथा अन्तिम दिनहरु र शूलीमा चढाइएका क्षण महत्त्वपूर्ण कालखण्ड मानिन्छन् । यिसुको देहलीला समाप्तिपछि इसाईधर्मको विकास, फैलावट र समयसापेक्ष यसभित्र व्युत्पत्ति भएका सम्प्रदायहरु तथा विश्वव्यापी रुपमा मानव समाजमा स्पापित प्रभाव अर्थात् इसाईकरण आदि पनि जीवन्त पक्षको रुपमा स्वीकारिएको पाइन्छ ।

ईश्वरदायी धर्मको एक उत्कृष्ट नमूनामा इसाईधर्मलाई पनि लिइन्छ । हिन्दुधर्मजस्तो वहुदेववादी इसाईधर्म होइन । यस धर्मले एउटै ईश्वरलाई परमसत्ताधारीको रुपमा मान्दै उनलाई सर्वशक्तिमान, सर्वज्ञ, पूर्ण, उन्नतदृष्टि, उन्नतज्ञान, करुणा, दया आदि महान गुणहरु विद्यमान रहेको र समुच्च विश्व एवं स्वर्गकोसमेत स्वामी स्वीकार गर्दछ । इसाईधर्मले यिसु खिष्टका धर्म-आदेशहरुलाई उच्च महत्त्व दिन्छ र आदेशहरुको अक्षरस पालन गर्नमा जोड गर्दछ ।

भनिन्छ, येसु चौध वर्षको उमेरमा घरबाट भागेर केही व्यापारीका साथ भारत आए । उनले भारतका कश्मीर, जगन्नाथपुरी, वाराणसी, राजगिर तथा नेपाललगायत भूभागमा पूर्वीय शिक्षा ग्रहण गर्ने र साधनाको उद्देश्यले केही वर्ष भ्रमण गरी विताएका थिए (दीक्षित, २०६८:२१-२२) । तर यो अध्ययन-भ्रमणमाथि धेरैले शङ्का व्यक्त गरेका छन् । यसले प्रामाणिकता पाउन सकेको देखिदैन ।

विविध विशेषताका कारणले नै विश्वसभ्यतामा प्रभाव जमाउँदै क्रमशः लोकप्रिय हुन पुगेको इसाईधर्म नेपालमा मध्यकालको उत्तरार्ध अर्थात् इं सत्रौं शताब्दीमा सम्पर्कमा आएको र यसपछि क्रमशः उपत्यकाको समाज-संस्कृतिमा प्रभाव पार्न थालेको इसाईधर्मी स्रोतहरुबाट स्पष्ट हुन्छ। नेपालमा बस्न र धर्मप्रचार गर्न थालेका कतिपयले नेपाल बसाइँमा यहाँको जनजीवनबारे गरिएको टिपोटलाई पछि प्रकाशित गरिएको पाइन्छ, जसबाट तात्कालिक धर्म-संस्कृतिबारे केही बुझ्न सहयोग पुगको देखिन्छ ।

सर्वप्रथम इ. १६२८ तिर इसाईधर्मको पहिलो प्रचारकको रुपमा काब्राल नामधारी व्यक्ति नेपाल आएको हुनसक्ने कतिपयको अनुमान छ (पेटेक, २०६०:१) । भनिन्छ, काब्राल तिब्बतबाट सिगात्से हुँदै नेपालछोएर बङ्गालतर्फ लागेका थिए । काब्रालको नेपाल रहँदाको भूमिका वा विवरण पाउन नसकिएकोले उनको नेपाल आगमनबारे कतिपयले शङ्का व्यक्त गरेका छन् । तर चीन-तिब्बतमा भने इ. १६२४ तिर नै आन्तोनियो दा आनद्रादे (आन्द्रादा?) नामक युरोपेली पादरी गुँगे हुँदै त्यहाँ पुगेको हुनसक्ने अनुमान गरिएको छ । आन्द्रादाको विवरणमा नेपाल देश भनी नामै किटान नभए पनि 'सुनको काम गर्ने शिल्पीहरु ...........' आदि शब्द पाइएबाट 'नेपाल' नै हुनसक्ने ठम्याइ रहेको छ (लेभी, २००८ जुन:५१) । यसलाई प्रामाणिक रुपमा भने मान्न सकिएको छैन ।

तात्कालिक यूरोप र चीनमा समेत तीव्र प्रचारमा आएको इसाई संस्था 'जेजुइट समाज' ले अन्वेषकको रुपमा मिसिनरीहरुलाई एसियाका विभिन्न ठाउँमा पठाउन थाल्यो । भनिन्छ, यस क्रममा एक जना पादरीले तिब्बतमा नेपालबारे सुन्नपुगे । यसपछि दुई जना पादरी पेकिङबाट नेपालको बाटोभएर भारत पुगी पछि यूरोप फर्किए । भनिएको छ कि त्यसैवेला व्यापारिक काममा मुगलराज्यसम्म पुगेका एक फ्रान्सेली व्यापारीले युरोपेलीहरुलाई नेपालबाट मध्य एसिया जाने बाटो इङ्गित गरेका थिए । यसपछि रोमबाट पोपले क्यापुचिनहरुलाई पनि नेपाल पठाउन सुरु गरे (ऐजनः ४९-५०) । यसवेला नै नेपाल यूरोपमा समेत परिचित हुन थाल्यो ।

नेपाल आएका इसाईधर्मालम्बीको सूचीमा र नेपाल बसाइँ तथा यहाँको यात्रा विवरणको प्रामाणिक तथ्यको आधारमा ग्रुवर (ग्रयबर) को नाम नै अग्रपंक्तिमा भेटिन्छ । मध्यकालमा फादर ग्रयबरले इसाई पादरीको रुपमा सम्भवतः इ. १६६२ तिर नै पहिलो पटक काठमाडौंमा बस्न र आफ्नो मत प्रचार गर्न पाएका थिए । ग्रुबरले नेपाललाई 'नेक्बाल' र काठमाडौंलाई 'काडमेन्डु' भनेका छन् (ऐजनः ५३) । उता, यसवेलासम्म ल्हासा (तिब्बत) पुगेका केही व्यापारी त्यहाँ पुगी स्थापित भइसकेका र इटालीका क्याथोलिक पादरीद्धारा प्रभावित भई इसाईधर्म अवलम्बन गरिसकेको अनुमान हुन्छ । यता, काठमाडौं उपत्यकामा इ. १७६० सम्म आइपुग्दा सम्भवतः कान्तिपुरको ठमेल र भक्तपुरमा चर्च-खडा भइसकेको अनुमानबाट इसाईकरण बढिरहेको स्पष्ट सङ्केत गर्दछ । डा. रेग्मीको प्रस्तुतिलाई आधार लिंदा अर्का इसाईधर्मप्रचारक फादर डेसीडेरीले करीब इ. १७२२ तिर छोटै समय भए पनि काठमाडौं भ्रमण गरेको र उनको टिपोटले यहाँको सामाजिक, राजनीतिक अवस्थाबारे संक्षिप्त प्रकाश पार्न सकेको कुरा बताइएको छ (Regmi, 1966, p. 1007; थापा, २०५३:३४) । पादरीहरु यहाँका सामाजिक-

सांस्कृतिक, राजनीतिकभन्दा पनि धर्म र विगतको कुराको अध्ययनमा विशेष जोड दिन्थे । उनीहरु प्रायः पढेलेखेका समाजका उपज भएकाले ज्ञान र खोजीमा कमजोर देखिदैनथे ।

ग्रुबरको साथसाथै मध्यकालमा नेपाल (विशेष काठमाडौं उपत्यका) मा रहेका इसाईहरुमा ग्रुबरका अर्को समकालीन फ्रान्सेली टाभर्निएको नाम पनि प्रारम्भमा नै आउँछ । यिनी ग्रुबरको एसिया भ्रमणको केहीपछि पूर्वीय देशहरुको भ्रमणमा निस्किएका थिए । टाभर्निए भारतमा बसेको देखिए पनि नेपाल आएकोबारे चाहिं अझै स्पष्ट हुन सकेको छैन । यद्यपि उनले नेपाललाई 'नुपाल' भनेका छन् । नेपाल खटिने अन्य पादरीमा फ्रान्स्वा फेलेक्स् दे मोरो, आन्तोने मारिए दे जेसी, डेसिडेरी, फ्रान्कोइस होरास दे पेन्ना, भिटो रेचानाती, ट्रान्क्लो आपेचियो, दे गारिगानालो, पावलो द फ्लोरन्स, कन्स्टान्टिन द आस्कोली, गिसेप, होरास आदि थिए (लेभी, २००८:६८; Bhattarai, 2057, p. 4; विवश, २०६९:४५) । उपर्युक्तबाहेक लारा, लिबोरियो, माइकल एजेञ्लो आदिको नाम पनि स्रोतहरुमा भेटिन्छ । पृथ्वीनारायण शाहले उपत्यका एकीकरण गरी यहाँ राजधानी बनाउँदा उपत्यकामा सेराफाँ द कम, मिसेल-आञ्ज द टाबियागो, जँ आल्बर्ट द मास्सा तथा जोसेफ र रोभातो आदि पादरी थिए (लेभी, २००८:७१-७२) । पृथ्वीनारायण शाह उपत्यकासहितको अर्थात् नेपालको राजा भएपछि पादरीहरुको तीव्र प्रचार र प्रभावलाई हेरी विभिन्न शङ्का उत्पन्न भई उनले यहाँ रहेका करीब ५७ जना जतिलाई नेपाल छोड्ने आदेश जारी गरे । पादरीहरु पनि अब यहाँ धर्म परिवर्तन गराउन सहज नहुने देखी भारतको वेतियातर्फ झर्न पुगे (खतिवडा, दहाल, २०६७:१२७) । इ. १६२८ देखि इ. १७६७ सम्म आइपुग्दा केपुचिन पादरीहरुले झण्डै काठमाडौं उपत्यकाभित्र नै ३९ जना नेपालीलाई क्रिश्चियन बनाइ सकेका थिए (गौतम, २०५७:१८; थापा, २०५३:३४) ।

## तत्कालीन समाज-संस्कृतिमा इसाईधर्मको प्रभाव र मध्यकालपछिको स्थिति

तात्कालिक समयमा नेपालमा रहेका पादरीहरुको नेपालसम्बन्धी विवरणबाट यो स्पष्ट हुन्छ कि उनीहरुको यहाँको बसाइँ अवश्य धेरथोर रह्यो । तर उनीहरुप्रति प्रायः मल्ल राजाहरु उदार नै थिए । पादरीहरु कहिले कुनै राज्यमा बस्तथे त कहिले फेरि अर्को राज्यमा बोलाइन्थे । कहिलेकाहीं भने कुनै राज्यबाट निकालिन्थे । कतैको बसाइँमा भने राहदानी शुल्कसमेत तिुर्न पर्ने कुरा यात्रा वृत्तान्तमा भेटिन्छ । उनीहरु वैज्ञानिक पक्षलाई भन्दा धर्मलाई नै बढी स्थान दिन चाहन्थे ।

नेपालमा इसाईकरण विस्तारलाई हेर्दा करीब इ. १७६९ देखि इ. १९५१ सम्म नै झण्डै झण्डै विश्राम लागेको अवस्था हुनपुग्यो । तर इ. १९५१ पछि भने फेरि ह्वात्तै इसाईकरण बढ्न थाल्यो । दार्जीलिङमा क्रिश्चियन बनेका नेपाली मार्फत् इसाईधर्म प्रचारमा व्यापकता आयो भने भारतको मिजोरम, नागाल्याण्ड, आसाम, मेघालय हुँदै नेपालमा विस्तार हुनमा बल पुऱ्याएको थियो । इ. १९६०-९० को दशकमा अर्थात् पञ्चायतकालमा समेत इसाईकरण र चर्चहरुको व्यवस्थापनमा खासै कमी आएन । आज धर्मनिरपेक्ष भई गणतन्त्र नेपाल सम्बोधित भइसकेको स्थितिमा भने झन सहज रुपमा र द्रुतगतिमा विस्तार र प्रभाव बढिरहेकोमा सन्देह रहँदैन ।

यस कार्यले नेपाली समाज र परम्परागत संस्कृति केही न केही प्रभावित हुन पुगेको थियो । प्रायः जनताले सुन्दै नसुनेको यो नयाँ धर्म थियो । तत्कालीन हिन्दु-बौद्ध समाज पूर्णरुपमा परम्परागत धार्मिक विधिअनुसार चलेको थियो । आ-आफ्नो कर्मकाण्डबमोजिम पारिवारिक संस्कारहरु सम्पन्न गरिन्थे (Dahal, 1995, pp. 22-27).

पछिल्लो समयमा आएर नेपालमा इसाईधर्मबारे इसाईधर्मी बनेका पुल्चोक सगरमाथा चर्चका पास्टर डा. केवी रोकायाका अनुसार नेपालका इसाईले सामाजिक मूल्य र मान्यतालाई त्याग्दै गएका र चाडपर्व, क्रियाकाज

छोड्ने, रीतिरिवाजको बेवास्ता गर्ने गरेको पाइन्छ, जुन राम्रो कुरा होइन । इसाईधर्ममा मूर्तिलाई पूजा गर्न वर्जित छ । निराकार परमेश्वरको विश्वास मनभित्रैबाट गर्नुपर्छ । तर संस्कृति, पारिवारिक जीवन, परम्परा नै छाड्नुपर्छ भन्नेचाहिं छैन । धर्ममा अतिवादी कट्टर सोचाइ राख्ने सही अर्थमा धार्मिक नभएर सङ्कीर्ण हुन् । धर्ममाथिको निन्दालाई धर्मपालन भन्न सकिदैन (गौतम, २०५७:१८; दीक्षित, २०६८:१७) ।

मध्यकालपछि आइपुग्दा त इसाई धर्मप्रचारक मात्र होइन ठूलाबडा कहलिएका, सत्तासञ्चालक वा शासकहरु पनि सिकारको लागि समेत नेपाल आउन थाले । नेपालमा आवागमनको दृष्टिमा सिकार गर्न उपर्युक्त स्थल चितवनको भिखना ठोरी थियो । इ. १९११ डिसेम्बरमा बेलायतका राजा जर्ज प्रथमको लागि पनि राप्तीनदी र रिउखोलाको दोभानमा पर्ने सुखिभार, कसरा आदि चितवनकै स्थलहरु रोजिएको थियो । पाँच दिनको सिकार अवधिमा ५८ वटा बाघ, २८ वटा गैंडा, ६ वटा भालु आदि मारिएका थिए । यस्तै इ. १९२१ डिसेम्बरमा आएका प्रिन्स अफ वेल्स (एडवर्ड अष्टम) को लागि पनि चितवनमै सिकारको व्यवस्था गरिएको थियो । यस्तै चितवनमै सिकार खेल्न जाने अर्का विशिष्ट व्यक्तिमा लर्ड लिनलिथगो पनि हुन्, जो इ. १९३७ मा नेपाल आएका थिए (गुरुङ, २००९:२०२-२०३) । पछिसम्म पनि सिकार खेल्ने क्रमले केही न केही निरन्तरता पाइरहेको देखिन्छ । उपर्युक्त व्यक्तित्वहरु क्रिश्चियन भए पनि धर्मप्रचारमा चाहिं सामेल थिएनन् । यसले समाजमा असर पारेको थिएन ।

## निष्कर्ष

नेपाल विश्वको एक सुन्दर फूलबारी हो । यो सधैं सबैको एक आकर्षणभूमि र असीमित अनुसन्धानस्थल पनि हो । इस्वी सम्वत् सुरु हुनुभन्दा धेरै अगाडिदेखि नै यहाँ उत्तर तथा दक्षिण दुवै तिरबाट बुद्ध, बोधिसत्त्व, आचार्य, व्यापारी आदिको नेपालप्रवेश गर्ने क्रम बढिसकेको थियो । नेपालले सधैं आफ्नो प्राकृतिक सौन्दर्यले अरुलाई लोभ्याइ नै रह्यो, तानी रह्यो । किरातकालसम्म आइपुग्दा पृथ्वीको यो सुन्दर भूखण्ड एक प्राबल्य राष्ट्रको रुपमा परिचित भइसकेको थियो । यो भूभागमा किरातकालमै सभ्यता-संस्कृतिको बलियो संरचना हुन पुग्यो ।

किरातकालपछि लिच्छविकालको अन्त्य अर्थात् नवौं शताब्दीसम्म आइपुग्दा भने एक वृहत्तर सिङ्गो नेपाल आफ्नो सभ्यता-संस्कृतिको उत्कर्षमा नै पुगेको र बाहिरसमेत सम्बन्ध विस्तार बढिसकेको थियो । लिच्छविकालअगाडिका किरात, महिषपाल, गोपालवंशको समयको जातजाति, भाषा, धर्म-संस्कृतिका धेरै पक्षमा प्रामाणिक जानकारी गर्न सकिदैन । यद्यपि त्यसवेला पशुपालन र कृषि व्यवसायले नै समाजमा प्राधान्यता पाएको अनुमान हुन्छ । तर लिच्छविकालका अभिलेखहरुमा प्रयुक्त शब्द-वाक्यहरुबाट भने त्यसवेलाको समाजको सांस्कृतिक-धार्मिक आदि गतिविधिबारे प्रामाणिकरुपमै केही न केही जानकारी गर्न सकिन्छ । तात्कालिक समाज मूलरुपमा सनातन हिन्दु तथा बौद्धधर्मबाट नै प्रभावी रहेकोमा सन्देह रहँदैन ।

अनेकन जातजाति, भाषाभाषी र विविध धर्म-संस्कृति पृष्ठभूमिका व्यक्तिहरु नेपाल भित्रिने क्रममा मध्यकालको भण्डै अन्त्य-अन्त्यतिर आइपुग्दा भने युरोपेली इसाईधर्मालम्बी पादरीहरु आफ्नो धर्म प्रचारार्थ नेपाल आउन थाले । पादरीहरु प्रायः पढेलेखेकै हुनेहुँदा परम्परागत नेपाली समाज र संस्कृतिमा केही प्रभाव जमाउन उनीहरु सफल पनि भए । प्रचार-प्रसारले तात्कालिक सामाजिक-धार्मिक संरचनामा केही न केही असर पारेकै थियो । समाज सुधारभन्दा इसाईधर्मालम्बी बनाउन नै उनीहरुको मुख्य ध्येय रहेको देखिएकोले पृथ्वीनारायण शाहले त उनीहरुलाई देश (नेपाल) छोड्न आदेश नै दिए । पृथ्वीनारायण शाहपछिको केही समयसम्म नेपाली समाजमा इसाईकरण वा इसाईधर्म प्रभावी बन्न सकेन । तर इ. १९५१ अर्थात् नेपालमा प्रजातन्त्रको प्रादुर्भाव भएपछि भने

नेपाली समाज र संस्कृतिमाथि इसाईधर्मको प्रभाव फेरि प्रत्यक्षरुपमै बढ्न थाल्यो । आज देश धर्मनिरपेक्ष भएपछि झन परिवेश बदलिएको छ । पादरीहरुको माध्यमबाट मात्र होइन विविध नाम, कार्य आदि मार्फत् पनि इसाईधर्म विस्तारमा तीव्रता आएको स्पष्ट देखिन्छ । अन्तर्राष्ट्रियकरण, पश्चिमीकरण आदिले पनि आज साईकरण बढ्न सहज बनाएको छ र समाजमाथि टड्कारो प्रभाव पारेको छ । विशेष गरी मध्यकालमा नेपाल आएका इसाई पादरीहरुको नेपालबसाइँको क्रममा टिपोट गरिएको संक्षिप्त वृत्तान्तलाई तात्कालिक इतिहास-संस्कृति जानकारीका सहायक साधनको रुपमा स्वीकार गरिएको छ र ती टिपोटकर्तालाई स्रोतव्यक्तिको रुपमा लिइएको छ ।

## सन्दर्भ-सामग्री


अमात्य, साफल्य, काठमाडौं नगरायण, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०५३ ।

खतिवडा, सोमप्रसाद र कमला दहाल, नेपालको सांस्कृतिक पर्यटन, काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिस्ट्रीव्युटर्स, वि.सं. २०६७ ।

खत्री, प्रेमकुमार, उत्पत्तिः मानवसभ्यताका केही पक्षको ऐतिहासिक एवं मानवशास्त्रीय अध्ययन, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५५ ।

गुरुङ, हर्क, विषय विविध, पाटनः हिमाल एसोसिएसन, इ. २००८ । पाटनः हिमाल एसोसिएसन, इ. २००७ ।

.................., मैले देखेको नेपाल, पाटनः हिमाल एसोसिएसन, इ. २००९ ।

गुरुङ, जगमान, 'पूर्व-मध्यकालीन नेपाली बौद्ध मूर्तिहरुः एक विवेचना', Nepalese Culture, Volume ix, कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय शिक्षण, विभाग, त्रि.वि., वि.सं. २०४७ ।

गौतम, राजाराम, 'विकासको नाममा धर्मविस्तार', नेपाल, काठमाडौंः कान्तिपुर पब्लिकेसन्स, १६-३०, मङ्सिर, वि.सं. २०५७ ।

दीक्षित, मदनमणि, 'जिसस क्राइस्ट भारत र नेपाल आएका थिए', ज्ञानबिन्दु, काठमाडौंः दण्डपाणि अर्ज्याल, स्मृतिकेन्द्र, वि.सं. २०६८ ।

नेपाल, ज्ञानमणि, नेपाल निरुक्त, काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४० ।

पेटेक, लुसियानो (सं.), तिब्बत र नेपालमा इटालियन धर्मप्रचारकहरु, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०६० ।

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, नेपालको पौराणिक इतिहास, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५४ ।

प्रधान, भुवनलाल, नेपालमा बौद्धधर्म, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४५ ।

रेग्मी, जगदीशचन्द्र, नेपालको धार्मिक इतिहास, काठमाडौंः रत्न पुस्तक भण्डार, वि.सं. २०३९ ।

रेग्मी, दिनेशचन्द्र, पुरालेखन परिचय नेपाल, कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्त्व केन्द्रीय शिक्षण विभाग, त्रि.वि., वि.सं. २०४८ ।

लेभी, सिल्भाँ, नेपालः हिन्दु अधिराज्यको इतिहास, पहिलो खण्ड, ललितपुरः हिमाल एसोसिएसन, इ. २००८ ।

.................... , नेपालः हिन्दु अधिराज्यको इतिहास, दोस्रो खण्ड ललितपुरः हिमाल एसोसिएसन, इ. २००८ जुन ।

विवश, गोपाल पोखरेल, 'पादरी ग्रुबरले देखेको नेपाल र त्यसपछिको इसाईकरण', ज्ञानबिन्दु, काठमाडौंः दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, वि.सं. २०६८ ।

विष्ट, डोरबहादुर, 'ठकुरी र क्षत्रीको पुर्खेउली', मधुपर्क, वर्ष ५, अंक १, वि.सं. २०२९ जेष्ठ ।

शाक्य, हेमराज, नेपाल लिपि-प्रकाश, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०३० ।

थापा, दिल (अनु.), 'नेपालको इसाई मतः एक संक्षिप्त ऐतिहासिक सर्वेक्षण', हिम शिखर, वर्ष २, अङ्क ४, काठमाडौंः सूर्यप्रसाद कोइराला, वि.सं. २०५३ ।

Bhattarai, G. D. (2000). *Christian Missionaries in Nepal.* The Kathmandu Post, Kathmandu Kantipur Publications, Chaitra-4, 2057 B.S.

Dahal, P. (1995). Fimily Samkaras in Medieval Nepal. *Tribhuvan University Journal, Vol. XVIII,* Kathmandu: TU, June 1995.

Jha, H. N. (1970). *The Licchavis.* Varanasi: Chowkhamba Sanskrit Series Office.

Mukhopadhyay, K. L. (1966). *Medieval Nepal, Part II.* Calcutta: Firma.

Regmi, D. R. (1960). *Ancient Nepal.* Calcutta: Firma.

Shakya, M. B. (1997). *Princess Bhrikuti.* Delhi: Book Faith India.

Shchetenko, A. Y. (1978). *The Outcomes of the Scientific Mission to Nepal in Brief, Ancient Nepal.* Kathmandu: Dept. of Archaeology, No. 43-45, Jeshtha 2035 B.S.

Shrestha, C. B., Khatry, P. K., Sharma, B.& Ansari, H. (1986). *The Historic Cities of Asia.* Kathmandu: CNAS, TU.